# संक्रामक रोग (Covid-19) रोकथाम तथा रकम र सामग्री उपलब्ध गराउने निर्देशिका, २०७७

**प्रमाणीकरण मिति: २०७७।०५।०८**

**प्रस्तावना** : विश्वव्यापी रुपमा फैलिई रहेको Covid-19 नेपालमा समेत व्यापक रुपमा फैलिरहेको परिप्रेक्ष्यमा नेपाल सरकारले संक्रामक रोग नियन्त्रण ऐन २०२० को अधिकार प्रयोग गरी रोगको रोकथाम गर्नका लागि र आवश्यक व्यवस्था मिलाउन मुलुकभर रोगको प्रकोप घोषणा गरेको छ।

तारकेश्वर नगरपालिका क्षेत्रभित्र समेत रोगको प्रकोप देखिईसकेको र नागरिकहरु Covid-19 को संक्रमणमा परिसकेको पुष्टि भैसकेकोले त्यस्ता व्यक्तिहरुलाई अस्पताल वा अन्य स्थानहरुबाट अलग गरी संक्रमित व्यक्ति घरमै बसी (Home Isolation) उपचार गर्न प्रेरित गर्ने उद्देश्यले Covid-19 को रोकथाम न्यूनिकरणमा सहयोग र सहजीकरणका लागि तारकेश्वर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरि यो निर्देशिका निर्माण गरी लागू गरेको छ।

## परिच्छेद–१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो निर्देशिकाको नाम "संक्रामक रोग (Covid-19) रोकथाम तथा रकम र सामग्री उपलब्ध गराउने निर्देशिका २०७७" रहेको छ।

(२) यो निर्देशिका तुरुन्त लागू हुनेछ।

२. **स्वास्थ्य सामाग्रि र नगद उपचार खर्च रकम उपलब्ध गराउने** : यस नगरपालिकामा बसोबास गर्ने व्यक्तिलाई कोभिड-१९ को संक्रमण भएमा तपशील अनुसारको कागजातको आधारमा स्वास्थ्य सामग्री र नगद रकम उपचार तथा पोषणयुक्त खाना प्रदान गरिनेछ :-

(क) संक्रमित बिरामीले उपचार सामग्री बापत प्रति व्यक्ति एक दर्जन Face mask र २५० ML hand sanitizer प्राप्त गर्नेछन्,

(ख) संक्रमित बिरामीले आर्थिक सहायता स्वरुप प्रति व्यक्ति रु.पाँच हजार रुपैयाँ प्राप्त गर्नेछन्,

(ग) खण्ड क र ख मा लेखिएका कुराहरु प्राप्त गर्न दफा ३ मा लेखिए वमोजिमको कागजात पेश गर्नु पर्नेछ।

३. **सहयोग राशी र सामान प्राप्त गर्न पेश गर्नुपर्ने प्रमाण कागजात** : आर्थिक सहयोग र स्वास्थ्य सामाग्री प्राप्त गर्न देहायका कागजात र प्रमाण पेश गर्नुपर्ने छ :

(क) नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने नेपाली नागरिक हो भनी सम्बन्धित वडाका वडाअध्यक्षले प्रमाणित गरेको प्रमाण, वा कागज,

(ख) Real time PCR Test गर्दा Covid-19 positive देखिएको प्रमाण ,

(ग) बिरामी पूर्ण रुपमा घरमै बसी (Home Isolation) उपचार गराईरहेको भनी सम्बन्धित वडाका वडा अध्यक्षले प्रमाणित गरेको कागज,

(घ) नगद र सामग्री परिवारका सदस्य एवं संरक्षकलाई समेत भर्पाइ गरी प्रदान गर्न सकिनेछ।

४. **सम्बन्धित वडा अध्यक्षको जिम्मेवारी** : उपरोक्त बमोजिमको उपचार सहायता सामग्री र रकम वडा अध्यक्षले सम्बन्धित बिरामीलाई आफै वा वडाका कर्मचारी मार्फत भर्पाई गरी हस्तान्तरण गर्नुपर्नेछ। यस कार्यका लागि सम्बन्धित वडा सचिवले उचित सहयोग गर्नुपर्नेछ।

५. **निर्देशिकाको व्याख्या गर्ने अधिकार** : निर्देशिकाको कार्याज्वयनको सिलसिलामा कुनै द्धिविधा उत्पन्न भएमा सो विषयको व्याख्या गरि अन्तिम टुङ्गो लगाउने अधिकार तारकेश्वर नगर कार्यपालिकाको हुने छ।

६. **खारेजी र वचाउ** : (१) यस निर्देशिका जारी हुनु पूर्व भए गरेका कार्यहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिने छ।

(२) यो निर्देशिका नगर कार्यपालिकाले जुनसुकै वखत संशोधन र खारेज गर्न सक्नेछ।